दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड -६ संख्या - ७ मितिः २०७९।०६।१८

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७९।०६।१२ |

# दुहुँ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९

प्रस्तावनाः

नेपालको संविधानले स्थानिय तहलाई अनुसुचि ८ बमोजिम एकल अधिकार र अनुसुचि ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको सा साझा अधिकार हुने व्यवस्था गरेको छ। सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड (झ) मा

स्थानीय आधारभुत स्वास्थ्य र सरसफाइ सम्बन्धी क्रियाकलाप सञ्चालन कार्यान्वयन तथा नियमन सम्बन्धी अधिकार रहेको छ। सो अनुसार दुहुँ गाउँपालिका भित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनु एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल भरपर्दो र व्यवस्थि गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई स्वास्थ्यको गुणस्तर वृद्धि गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको दुहुँ गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम दुहुँ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी दुहुँ गाउँ कार्यपालिकाले एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका जारी गरेको छ।

संक्षिप्त नाम र प्रारम्भः

क) यो निर्देशिकाको नाम "दुहुँ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९" रहेको छ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

क) 'एम्बुलेन्स' भन्नाले विरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई सम्झनु पर्छ।

ख) 'एम्बुलेन्स जनशक्ति' भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झानु पर्छ।

ग) 'चालक' भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

घ) 'सेवाशुल्क' भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवा ग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

ङ) 'समिति' भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः (१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स सेवा व्यस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) प्रत्येक वडाबाट एक/एक जना निर्वाचित महिला सदस्य | -सदस्य |
| घ) जिन्सी शाखा प्रमुख | -सदस्य |

ङ) प्रतिनिधि, गाउँ रेडक्रस सोसाईटी/स्काउट -सदस्य

च) विपद व्यवस्थापन शाखा प्रमुख -सदस्य

छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

२) समितिको कुल सदस्य सङख्या मध्ये एकाउन्न प्रतिशत सदस्य भएमा बैठकको गणपुरक सङख्या मानिनेछ ।

३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

४) समितिको बैठक सम्बन्धी कार्यविधि गाउँपालिकाको बैठक सञ्चालन कार्यविधि बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः १) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचार संहिता लागु गराउने साथै निर्देशिका अनुसारको आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचार संहिता पालन गर्ने लगाउने ।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने र समितिले आवश्यकता अनुसार भाडा निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ ।

ङ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु विच आवस्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसुची १ बमोजिम निर्धारित सेवा शुल्क लिई बैंक/कोष खातामा दाखिला गरे नगरेको निरीक्षण गर्ने ।

२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक चौमासिकमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**५)** एम्बुलेन्स सञ्चालन सेवा शुल्क सम्बन्धी व्यवस्थाः (१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले, अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

२) एम्बुलेन्स सेवा बापत उठेको रकम गाउँपालिकाको आर्थिक/राजस्व खाता/बैंक खाता/कोष खडा गरी सो कोषमा जम्मा गर्नेछ ।

३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई चालकलाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

४) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ । चालकले नगदि रसिदको अर्धकट्टि सेवाग्राहीलाई दिनुपर्ने छ ।

५) राजस्व कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । राजस्व कोषको रकम सामन्यतया चालक र स्वास्थ्य कर्मीको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अरु आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

६.चालकको नियक्ती र सेवा सुविधाः (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्त गर्नेछ ।

२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३) एम्बुलेन्स सेवा सञ्चालनको लागि नियुक्त चालक तथा कर्मचारीहरुको रू.पाँच लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रुकम यसै निर्देशिका बमोजिमको कोषबाट व्यहोरिनेछ ।

४) चालकले पालना गर्नुपर्ने आचार संहित अनुसुची (२) बमोजिम हुनेछ ।

५) एम्बुलेन्स सेवालाई थप प्रवाहकारी बनाउन गाउँपालिकाले एक जना योग्यता पुगेको स्वास्थ्य कर्मी करार सेवामा नियुक्त गर्नेछ ।

६) अ.न.मी.को सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

७. एम्बुलेन्स रहने स्थान सो को मर्मत सम्भारः

(१) एम्बुलेन्स गाउँपालिका वडा नं. २ मा रहेको गाउँपालिकाको कार्यालयको हातामा रहनेछ ।

२)राजस्व कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । राजस्व कोषको रकम सामन्यतया चालक र स्वास्थ्य कर्मीको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अरु आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

८. विविधः १) एम्बुलेन्समा हुने न्युनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

२) एम्बुलेन्समा सवार विरामी र विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयम् को हुनेछ ।

३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न वान्छनीय भएमा गाउँ कार्यपालिकाले संशोधन तथा थपघट गर्न सक्नेछ ।

अनुसुची-१

(निर्देशिकाको दफा (५) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट)

दुँहु गाउँपालिका एम्बुलेन्स सञ्चालन निर्देशिकामा सेवा शुल्क नतोके सम्म एम्बुलेन्स सेवा सञ्चालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२.भाडामा एम्बुलेन्स सञ्चालन गर्नु परेमा देहाय बमोजिम भाडा हुनेछ ।

| क्र.स | देखि | सम्म | भाडादर | कैफियत |
|---|---|---|---|---|
| १ | दुँहु गाउँपालिका | खलङ्गा दार्चुला | १०००/- | ७५% छुट गरिएको |
| २ | दुँहु गाउँपालिका | पाटन बैतडि | १०,०००/- | |
| ३ | दुँहु गाउँपालिका | डडेलधुरा | १२,०००/- | |
| ४ | दुँहु गाउँपालिका | धनगढी | २०,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ५ | दुँहु गाउँपालिका | कञ्चनपुर | २०,०००/- | |
| ६ | दुँहु गाउँपालिका | नेपालगन्ज | २५,०००/- | |
| ७ | दुँहु गाउँपालिका | काठमाण्डौँ | ३०,०००/- | |

३. दुरीको हकमा गन्तव्य स्थान मान्य हुनेछ ।

४. एम्बुलेन्स सञ्चालनमा लाग्ने इन्धन खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

५. एम्बुलेन्स प्रयोग गर्दा एक तर्फी प्रयोग भए पनि दुइ तर्फीको दुरी गणना हुनेछ र तोकिएको एक तर्फीको दोब्बर भाडा लाग्नेछ ।

सोहि दिन वा जिल्ला बाहिरको लामो यात्राका हकमा दोस्रोदिन विरामी फर्केको शुल्क लाग्ने छैन ।

६.ब्रेन हेम्ब्रेज मस्तिक घात, हृदयघात तथा अन्य गम्भिर किसिमको रोगी, सवारी दुर्घटना भएको अवस्थामा दुर्घटनाको प्रकृती हेरी आकस्मिक सेवाका लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

७. एम्बुलेन्स सेवा सञ्चालनको लागि तोकिएको सेवा शुल्क एम्बुलेन्स चालकलाई बुझाई शुल्क बुझाएको अर्धकट्टि एम्बुलेन्सले विरामीको आफन्तलाई बुझाउनु पर्नेछ ।

अनुसुची २

(निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. दुँहु गाउँपालिकाको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७९ लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीलाई ओसार-पसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपुर्वक व्यवहार प्रदान गर्नु पर्ने ।

५. आफुले गरेको काममा व्यक्तिगत रुपमा आफै जिम्मेवार हुनुपर्ने र कार्यालयको कामको लागि कार्यालय प्रमुखप्रति जवाफदेही हुनुपर्ने,

७. कुनै पनि बिरामीलाई ओसार-पोसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा

सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको जानकारी दिन बाधा मानिने छैन,

१०. अस्पताल पुर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीलाई गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफनो सुपरिवेक्षक तथा स्वास्थ्य संयोजकलाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसार पसार गर्न नहुने । प्रचलित कानुनको पालना गर्नु पर्ने ।

# अनुसुची -२

म......................(नाम)........................ठेगाना..........................ना.प्र.प.न.....................................जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं.................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ..................जिल्ला...................................संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पुर्ण रुपमा पालना गर्न सहमति जनाई सहि छाप गरेको छु ।

| | |
|---|---|
| चालकको: | रोहवरमा प्रमाणित गर्ने व्यक्तिको |
| नामः | नामः |
| दस्तखतः | पदः |
| मितिः | दस्तखतः |

मितिः
संस्थाको छापः

अनुसुची ३

(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

'ग' वर्गको (Common Life Support (cls) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen cylinder, Flow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P Apparatus, Torchlight.

- Driver with basic training in first aid and emergent Medicine
- पिउने पानी
- झटपट झोला

आज्ञाले,

भूपेन्द्रसिंह बडाल

प्रमुख प्रशासकीय अधिकृत